नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

फोन : ०१–६६३१०७५
फ्याक्स : ०१–६६३१९७२


प.सं.:- २०७९/०८०
च.नं. ६८

**मिति** :२०८०/०२/०७

**विषयः** विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा ।

श्री स्थानीय तह ( सबै )

यस केन्द्रको मिति २०८०/०१/०३ को च.नं. ५७ को पत्रानुसार सामुदायिक विद्यालयका माध्यमिक तह ( ९-१२) मा अध्ययनरत विद्यार्थीहरूलाई आ.व. २०८०/०८१ मा विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि शैक्षिक सत्र २०७९ मा कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरूले PMT ( Proxy Means Testing ) फाराम भर्न तथा सम्बन्धित विद्यालयहरूले भराउनका लागि बैशाख मसान्तसम्मका लागि म्याद थप गरिएकोमा विद्यालयहरूबाट अझै पनि केही विद्यार्थीहरूको फाराम भर्ने र अपलोड गर्ने कार्य बाँकी रहेकाले म्याद थपको लागि अनुरोध भै आएको सन्दर्भमा यसरी छुट भएका विद्यार्थीहरूको विवरण सम्बन्धित विद्यालयबाट प्राप्त गरी Integrated Educational Management Information System (IEMIS) मा मिति २०८० जेठ २५ गतेसम्म अपलोड गर्ने व्यवस्था गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

विमला मिश्र
शाखा अधिकृत

बोधार्थः-

श्री सामुदायिक विद्यालय (सबै) : सम्बन्धित स्थानीय तहमार्फत विद्यार्थीहरूको विवरण अपलोड गर्नु गराउनु हुन ।
श्री शिक्षा, विकास तथा समन्वय इकाई : स्थानीय तह तथा विद्यालयहरूसँग समन्वय तथा सहजीकरण गर्नु गराउनु हुन ।